# प्रदेश स्वास्थ्य सेवा अध्यादेश, २०७९

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

# प्रदेश स्वास्थ्य सेवा अध्यादेश, २०७९

संवत् २०७९ सालको अध्यादेश नं. ३

**<u>प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको अध्यादेश</u>**

**<u>प्रस्तावना</u>**: प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई तत्काल समसामयिक संशोधन गर्न वाञ्छनीय भएकाले र हाल प्रदेश सभाको अधिवेशन चलिरहेको अवस्था नभएकाले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस अध्यादेशको नाम "प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) अध्यादेश, २०७९" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>मूल ऐनको दफा २ मा संशोधनः</u>** (१) प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) मा "र सो शब्दले" भन्ने शब्दहरु पछि "आयुर्वेद स्वास्थ्य केन्द्र, आयुर्वेद अस्पताल एवं" भन्ने शब्दहरु थपिएका छन्।

(२) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) "ग्रामिण अल्ट्रासाउण्ड" भन्नाले नर्सिङ्ग विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तिमा एक्काईस दिनको अल्ट्रासोनोग्राफी सम्बन्धी तालिम प्राप्त गरेका नर्सिङ्ग स्टाफले पोर्टेवल अल्ट्रासोनोग्राफी मेशिन प्रयोग गरी गर्भवती महिलाको गर्भ र सो गर्भमा रहेको शिशुको स्वास्थ्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अवस्था र जटिलता पहिचान गर्ने तथा आवश्यकता अनुसार प्रेषण गर्ने कार्य सम्झनु पर्छ।”

(३) खण्ड (ठ) पछि देहायका खण्ड (ठ१), (ठ२) र (ठ३) थप गरिएको छः-

“(ठ१) “स्वास्थ्य संस्था” भन्नाले मन्त्रालय मातहतका आधुनिक, आयुर्वेदिक, वैकल्पिक, युनानी, होमियोप्याथि र आम्ची चिकित्सासँग सम्बन्धित जुनसुकै अस्पताल, आयुर्वेद स्वास्थ्य केन्द्र, औषधालय र वैद्यखाना सम्झनु पर्छ।

(ठ२) “प्राविधिक समिति” भन्नाले दफा २५ बमोजिमको स्वास्थ्य संस्था अनुगमन तथा नियमन प्राविधिक समिति सम्झनु पर्छ।

(ठ३) “फार्मेसी” भन्नाले औषधि, औषधिजन्य सामग्री, चिकित्सकीय मेशिन, औजार तथा उपकरण बिक्रि वितरण गर्ने अस्पताल परिसर भित्र वा बाहिर रहेको औषधि पसल सम्झनु पर्छ।”

(४) खण्ड (ड) मा रहेको “सामाजिक विकास” भन्ने शब्दहरुको सट्टा “स्वास्थ्य हेर्ने” भन्ने शब्दहरु राखिएको छ।

(५) खण्ड (ढ) पछि देहाय बमोजिमको खण्ड (ढ१) थप गरिएको छः-

“(ढ१) “व्यवस्थापन समिति” भन्नाले ऐनको दफा २६क. बमोजिम गठन हुने स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ।”

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(६) खण्ड (द) पछि देहाय बमोजिमको खण्ड (द१) र (द२) थप गरिएको छः-

"(द१) "स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानून बमोजिम स्वास्थ्यकर्मीको रूपमा सम्बन्धित परिषद्मा दर्ता भएको व्यक्ति सम्झनु पर्छ।"

(द२) "स्वास्थ्य सेवा" भन्नाले प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक स्वास्थ्य सेवा सम्झनु पर्छ।

३. <u>**मूल ऐनको दफा ६ मा संशोधनः**</u> मूल ऐनको दफा ६ को उपदफा (२) मा रहेको "भौगोलिक दूरी" भन्ने शब्दहरू झिकिएका छन्।

४. <u>**मूल ऐनको दफा ७ मा संशोधनः**</u> मूल ऐनको दफा ७ को सट्टा देहाय बमोजिम दफा ७ राखिएको छः-

"७. <u>**शुल्क वा दस्तुर सम्बन्धी व्यवस्था**</u>: स्वास्थ्य संस्था स्थापनाका लागि मनशाय पत्र प्राप्त गर्न वा अनुमति प्राप्त गर्न वा स्तरोन्नति गर्न वा नवीकरण गर्न सम्बन्धित स्वास्थ्य संस्थाले तोकिए बमोजिमको शुल्क वा दस्तुर तोकिए बमोजिमको निकायमा बुझाउनु पर्नेछ।"

५. <u>**मूल ऐनको दफा ८ मा संशोधनः**</u> मूल ऐनको दफा ८ को उपदफा (१) पछि देहाय बमोजिम उपदफा (१क) थप गरिएको छः-

"(१क) उपदफा (१) बमोजिम आशयपत्र प्रदान गर्ने प्रयोजनको लागि प्राविधिक समितिबाट कुनै स्वास्थ्य संस्थाको अनुगमन गर्दाको बखत नै स्वास्थ्य संस्था स्थापना वा विस्तार वा स्तरोन्नति गर्नका लागि त्यस्ता स्वास्थ्य संस्थाले तोकिएको सबै मापदण्ड पूरा गरी सकेको पाईएमा त्यस्ता स्वास्थ्य संस्थालाई

आशयपत्र प्राप्ति वेगर वा थप सुधार वा तयारीका लागि बढीमा एक महिनाको लागि आशयपत्र दिई मन्त्रालयले त्यस्ता स्वास्थ्य संस्था स्थापना वा विस्तार वा स्तरोन्नति गर्न सक्नेछ।”

६. **<u>मूल ऐनको दफा १३ मा संशोधनः</u>** (१) मूल ऐनको दफा १३ को,-

(१) उपदफा (१) को “प्रयोजनका लागि” भन्ने शब्दहरु पछि “मन्त्रालयले पैंतीस दिने सूचना प्रकाशन गर्नेछ र सो सूचना बमोजिम स्वास्थ्य संस्थाले” भन्ने शब्दहरु थपिएका छन्।

(२) उपदफा (५) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

“तर यसरी कुनै स्वास्थ्य संस्थाको अनुमति पत्र रद्द गर्नु पर्ने भएमा रद्द गर्नु अघि मन्त्रालयले सफाईको मौका दिनु पर्नेछ।”

७. **<u>मूल ऐनको दफा १५ मा संशोधनः</u>** (१) मूल ऐनको दफा १५ को,-

(१) उपदफा (३) पछि देहाय बमोजिमको उपदफा (३क) र (३ख) थप गरिएको छः-

“(३क) उपदफा (२) र (३) बमोजिम तोकिएको म्याद भित्र अनुमति नलिएका वा नवीकरण नगरेका र हाल सञ्चालनमा रही रहेका स्वास्थ्य संस्थाले यो उपदफा प्रारम्भ भएको मितिले नब्बे दिनभित्र आशयपत्र प्राप्त गर्न वा अनुमति लिन वा नवीकरण गर्न निवेदन दिनु पर्नेछ।

(३ख) उपदफा (३क) बमोजिम आशयपत्र प्राप्त गर्न वा अनुमति लिन वा नवीकरण गर्ने प्रयोजन वापत प्राविधिक समितिको अनुगमन प्रतिवेदन र सिफारिसको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

आधारमा सम्बन्धित स्वास्थ्य संस्थाले प्रति वर्ष जति दस्तुर तिर्नु पर्ने हो सो दस्तुरको अतिरिक्त पाँच गुणा थप दस्तुर लिई म्याद समाप्त भएको मिति देखि नै लागू हुने गरी आशयपत्र प्रदान गर्न, अनुमति दिन र नवीकरण गर्न सक्नेछ। यसरी आशयपत्र प्रदान गर्न वा अनुमति दिन वा नवीकरण गर्नु पूर्व मन्त्रालयले त्यस्तो स्वास्थ्य संस्थाको नाम, ठेगाना र स्वास्थ्य संस्थाको प्रकृति खुल्ने गरी सार्वजनिक गर्नु पर्नेछ।"

(२) उपदफा (४) मा रहेको "उपदफा (२) वा (३)" भन्ने शब्दको सट्टा "उपदफा (२), (३), (३क) वा (३ख)" भन्ने शब्दहरु राखिएका छन्।

८. **<u>मूल ऐनको दफा १८ मा संशोधनः</u>** मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-

"१८. **<u>दुईवटा स्वास्थ्य संस्थामा काम गर्न नपाउनेः</u>** (१) कुनै पनि प्रदेश सरकारको स्वास्थ्य संस्थामा आबद्ध चिकित्सक वा स्वास्थ्यकर्मीले कुनै एउटा स्वास्थ्य संस्थामा सेवा प्रदान गर्न करार गरेको वा नियुक्त भएको समयमा अर्को स्वास्थ्य संस्थामा सोही बखत काम गर्न वा सेवा प्रदान गर्न पाउने छैन।

(२) उपदफा (१) मा उल्लिखित समयका अतिरिक्त समयमा सेवा प्रदान गर्न चाहने चिकित्सक वा स्वास्थ्यकर्मीले मन्त्रालयबाट अनुमति लिएर मात्र अतिरिक्त समयमा सेवा प्रदान गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति प्रदान गर्दा उपदफा (१) बमोजिमका चिकित्सक वा स्वास्थ्यकर्मीले कार्यालयको काममा बाधा नपर्ने गरी र कार्यालयको



आन्तरिक मामिला तथा कानून मन्त्रालय

आवश्यकतानुसार जुनसुकै बेला उपस्थित हुने शर्त राखी मन्त्रालयले अनुमति दिनु पर्नेछ।"

९. **<u>मूल ऐनको दफा २२ मा संशोधनः</u>** मूल ऐनको दफा २२ को सट्टा देहाय बमोजिम दफा २२ राखिएको छः-

"२२. **<u>समिति गठनः</u>** (१) प्रदेशभित्रको स्वास्थ्य तथा जनसंख्या सेवा सम्बन्धी काम कारबाही, अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाउन, बहुक्षेत्रीय समन्वय र सहकार्य अभिवृद्धि गर्न एवं स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीतिगत निर्देशन दिने लगायतका कार्यका लागि प्रदेश स्वास्थ्य तथा जनसंख्या समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्:-

(क) मन्त्री, मन्त्रालय, -अध्यक्ष

(ख) राज्यमन्त्री, मन्त्रालय -उपाध्यक्ष

(ग) सचिव, प्रदेशका सबै मन्त्रालयहरु -सदस्य

(घ) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(ङ) उपकुलपति, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(च) उपभोक्ता हित संरक्षण, सामाजिक, आर्थिक र स्वास्थ्य क्षेत्रमा कम्तिमा १० वर्ष अनुभव प्राप्त गरेको व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनित गरेको कम्तीमा एक जना महिला सहित ४ जना -सदस्य

(छ) सचिव,मन्त्रालय -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (च) बमोजिम मनोनित सदस्यको पदावधि बढीमा तीन बर्षको हुनेछ।

(४) उपदफा (३) बमोजिमको पदावधि पूरा नहुँदै मनोनित गर्ने पदाधिकारीले जुनसुकै बखत मनोनित हुने सदस्यलाई पदमुक्त गर्न सक्नेछ। यसरी निजलाई पदमुक्त गर्नु अघि सफाइको मौका दिनु पर्नेछ।

(५) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठक अध्यक्षको अनुमतिमा आवश्यकता अनुसार सदस्य सचिवले बोलाउनेछ।

(७) समितिको सचिवालय मन्त्रालयमा हुनेछ।

(८) समितिमा आवश्यकता अनुसार विज्ञ वा अन्य सम्बन्धित व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(९) स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमको योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न, प्रदेश र स्थानीय तह बीचको समन्वय र सहकार्य प्रभावकारी बनाउन, स्वास्थ्य समस्या पहिचान र समाधान गर्न, अभिलेख

आन्तरिक मामिला तथा कानून मन्त्रालय

र प्रतिवेदन प्रणाली सुधार गर्न, विपद् तथा महामारीमा समन्वयात्मक रूपमा काम गर्न समग्र प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी व्यवस्थापन गर्नको लागि मन्त्रालयले स्वास्थ्य कार्यालय प्रमुखको नेतृत्वमा बढीमा सात जना सदस्य रहने गरी जिल्ला जनस्वास्थ्य समन्वय समिति गठन गरी कार्य विवरण तोक्न सक्नेछ।"

१०. **<u>मूल ऐनको दफा २३ मा संशोधनः</u>** मूल ऐनको दफा २३ को उपदफा (१) को खण्ड (ज) पछि देहाय बमोजिमको खण्ड (झ) थप गरिएको छः-

"(झ) प्रदेशमा जनसंख्या तथा बसाईसराई व्यवस्थापन सम्बन्धी नीति र योजना तर्जुमा गर्न सुझाव दिने।"

११. **<u>मूल ऐनको दफा २५ मा संशोधनः</u>** मूल ऐनको दफा २५ को सट्टा देहाय बमोजिमको दफा २५ राखिएको छः-

"२५. **<u>प्राविधिक समितिको गठनः</u>** (१) स्वास्थ्य तथा जनसंख्या र रोग रोकथाम र नियन्त्रण सम्बन्धी नीति, कानून, रणनीति, योजना र कार्यक्रम लगायतका विषयमा प्राविधिक सल्लाह, सुझाव र सिफारिस गर्न र पचास शैय्याभन्दा माथिको जुनसुकै स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन अनुमति, स्तरोन्नति, सेवाको गुणस्तर सुनिश्चितता गर्न, गुणस्तर मापदण्ड निर्माण तथा सिफारिस गर्न, मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन भए नभएको अनुगमन गर्न, यस ऐन तथा यस ऐन अन्तरगत बनेको नियम बमोजिम सञ्चालन नभएको वा दफा ६६ बमोजिमको कार्य गरेमा मन्त्रालय समक्ष कारबाहीको सिफारिस गर्न मन्त्रालयमा स्वास्थ्य संस्था अनुगमन तथा नियमन प्राविधिक समिति रहनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(२) उपदफा (१) बमोजिम मन्त्रालयमा रहने प्राविधिक समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्ः-

(क) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, मन्त्रालय -संयोजक

(ख) प्रमुख, योजना, अनुगमन तथा जनस्वास्थ्य महाशाखा, मन्त्रालय -सदस्य

(ग) सम्बन्धित विषयको विषय विज्ञ -सदस्य

(घ) कानून अधिकृत, मन्त्रालय -सदस्य

(ङ) आयुर्वेद चिकित्सक, मन्त्रालय -सदस्य

(च) नर्सिङ् अधिकृत, मन्त्रालय -सदस्य

(छ) जनस्वास्थ्य अधिकृत, मन्त्रालय -सदस्य-सचिव

(३) पचास शैय्याको स्वास्थ्य संस्थाको स्थापना एवं सञ्चालन अनुमति, स्तरोन्नती, सेवाको गुणस्तर सुनिश्चितता गर्न, त्यस्तो स्वास्थ्य संस्था मापदण्ड बमोजिम सञ्चालन भए नभएको अनुगमन गर्न, यस ऐन तथा यस ऐन अन्तरगत बनेको नियम बमोजिम सञ्चालन नभएको वा दफा ६६ बमोजिमको कार्य गरेमा कारबाहीको सिफारिस गर्न देहाय बमोजिमको निर्देशनालयस्तरीय स्वास्थ्य संस्था अनुगमन तथा नियमन प्राविधिक समिति रहनेछः-

(क) निर्देशक, स्वास्थ्य निर्देशनलाय -संयोजक

(ख) अस्पताल नर्सिङ प्रशासक, स्वास्थ्य निर्देशनालय -सदस्य



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ग) जनस्वास्थ्य प्रशासक, स्वास्थ्य संस्था अनुगमन तथा नियमन -सदस्य

(घ) आयुर्वेद विज्ञ, स्वास्थ्य निर्देशनालय -सदस्य

(ङ) उपस्वास्थ्य प्रशासक, स्वास्थ्य निर्देशनालय -सदस्य-सचिव

(४) पच्चीस शैय्यासम्मको स्वास्थ्य संस्थाको स्थापना एवं सञ्चालन अनुमति, सेवाको गुणस्तर सुनिश्चितता गर्न, मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन भए नभएको अनुगमन गर्न, यस ऐन तथा यस ऐन अन्तरगत बनेको नियम बमोजिम सञ्चालन नभएको वा दफा ६६ बमोजिमको कार्य गरेमा कारबाहीको सिफारिस गर्न हरेक जिल्लामा एक जिल्लास्तरीय स्वास्थ्य संस्था अनुगमन तथा नियमन प्राविधिक समिति रहनेछः-

(क) प्रमुख, स्वास्थ्य कार्यालय -संयोजक

(ख) पब्लिक हेल्थ नर्स,स्वास्थ्य कार्यालय -सदस्य

(ग) ल्याब टेक्निसियन,स्वास्थ्य कार्यालय -सदस्य

(घ) सम्बन्धित विषयको विज्ञ -सदस्य

(ङ) जनस्वास्थ्य अधिकृत/हेल्थ असिष्टेन्ट, स्वास्थ्य कार्यालय -सदस्य-सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(५) आयुर्वेद स्वास्थ्य संस्थाको स्थापना एवं सञ्चालन अनुमति, सेवाको गुणस्तर सुनिश्चितता गर्न, मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन भए नभएको अनुगमन गर्न, यस ऐन तथा यस ऐन अन्तरगत बनेको नियम बमोजिम सञ्चालन नभएको वा दफा ६६ बमोजिमको कार्य गरेमा कारबाहीको सिफारिस गर्न हरेक जिल्लामा एक जिल्लास्तरीय आयुर्वेद स्वास्थ्य संस्था अनुगमन तथा नियमन प्राविधिक समिति रहनेछः-

(क) प्रमुख, आयुर्वेद स्वास्थ्य केन्द्र -संयोजक

(ख) सम्बन्धित विषयको विज्ञ -सदस्य

(ग) ल्याब टेक्निसियन -सदस्य

(घ) प्रतिनिधि, स्वास्थ्य कार्यालय -सदस्य

(ङ) आयुर्वेद चिकित्सक/कविराज, आयुर्वेद स्वास्थ्य केन्द्र -सदस्य-सचिव

(६) उपदफा (२), (३), (४) र (५) बमोजिमको प्राविधिक समितिमा आवश्यकता अनुसार संयोजकले विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ।

(७) उपदफा (२), (३), (४) र (५) बमोजिमको प्राविधिक समितिको सचिवालय संयोजक कार्यरत रहने निकायको कार्यालयमा रहनेछ।

(८) उपदफा (२), (३), (४) र (५) बमोजिमको प्राविधिक समितिको बैठक आवश्यकता अनुसार संयोजकको अनुमतिमा सदस्य सचिवले बोलाउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(९) उपदफा (२), (३), (४) र (५) बमोजिमको प्राविधिक समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(१०) उपदफा (३), (४) र (५) बमोजिमको प्राविधिक समितिलाई मन्त्रालयले प्रदेशको नियमन क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाको अनुगमन, नियमन र व्यवस्थापन एवं संघ र स्थानीय तहका स्वास्थ्य निकायबीच समन्वय र सहकार्य गर्ने सम्बन्धमा थप कार्यविवरण तोक्न सक्नेछ।

(११) उपदफा (२) बमोजिमको प्राविधिक समितिले आफ्नो काम, कर्तव्य र अधिकार प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि उपसमिति बनाई कार्य सम्पादन गर्न सक्नेछ।

(१२) उपदफा (२) बमोजिमको प्राविधिक समितिको बैठक र कार्य सञ्चालन सम्बन्धी अन्य व्यवस्था सो प्राविधिक समिति आफैले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ।"

१२. **मूल ऐनको दफा २६ मा संशोधनः** मूल ऐनको दफा २६ को सट्टा देहाय बमोजिमको दफा २६ राखिएको छः-

"२६. **प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः** दफा २५ को उपदफा (२) बमोजिमको प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य तथा जनसंख्या र रोग रोकथाम र नियन्त्रण सम्बन्धी नीति, रणनीति, योजना तर्जुमा गरी मन्त्रालय समक्ष सिफारिस गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ख) स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीति तर्जुमा तथा रोग नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालनका लागि निर्देशिका, कार्यविधि, मार्गदर्शन र मापदण्ड तर्जुमा गरी मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ग) स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितता, स्तरोन्नति र सञ्चालन गर्न मापदण्ड निर्माण गरी मन्त्रालय समक्ष सिफारिस गर्ने,

(घ) खण्ड (ग) बमोजिम तोकिएको मापदण्ड अनुरूप स्वास्थ्य संस्था सञ्चालन भए नभएको अनुगमन गर्ने र नियमन गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ङ) स्वास्थ्य संस्थाको प्रमाणीकरण (सर्टिफिकेसन) र प्रत्यायन (एक्रीडीटेसन) मापदण्ड तर्जुमा गरी सो बमोजिम स्वास्थ्य संस्थाको वर्गीकरण गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(च) प्रत्यायन तथा प्रमाणीकरण मापदण्ड बमोजिम सेवा प्रवाह भए नभएको अनुगमन र मूल्याङ्कन गरी आवश्यक कारबाहीका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(छ) प्राविधिक समितिमा प्राप्त उजुरी उपर छानबिन गरी पूर्वाधार लगायत न्यूनतम

आन्तरिक मामिला तथा कानून मन्त्रालय

सेवा मापदण्ड पूरा नगरेको स्वास्थ्य संस्थाको सेवा आंशिक वा पूर्ण रूपमा बन्द गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ज) प्रदेश स्तरीय औषधि र जनस्वास्थ्य निगरानी सम्बन्धी कार्य गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(झ) स्वास्थ्य सम्बन्धी अनुसन्धानका विषय र प्राथमिकता निर्धारण गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ञ) चिकित्सक र स्वास्थ्यकर्मीको स्वास्थ्य सेवा प्रदान सम्बन्धमा अनुगमन गर्ने र कानून र मापदण्ड विपरित सेवा प्रदान गरेको पाइएमा कारबाहीको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ट) प्राविधिक समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।"

१३. **<u>मूल ऐनमा परिच्छेद ४क. थपः</u>** मूल ऐनको परिच्छेद- ४ पछि देहाय बमोजिमको परिच्छेद- ४क. थप गरिएको छः-

**"परिच्छेद -४क.**

**<u>स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था</u>**

२६क. **<u>स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिः</u>** (१) प्रदेश मातहत सम्बन्धित जिल्लामा रहेका स्वास्थ्य संस्थाहरुको सेवा, स्रोत साधनको चुस्त र प्रभावकारी रूपमा व्यवस्थापन र परिचालन गरी स्वास्थ्य सेवाको विकास, विस्तार गर्न, त्यस्ता स्वास्थ्य संस्थाको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

सञ्चालन तथा व्यवस्थापन कार्य सुव्यवस्थित, कुशल, सुदृढ, प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाई नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न क्लिनिकल स्वास्थ्य सेवा प्रदान गर्ने प्रदेश सरकारको हरेक जिल्लाका अस्पताल र आयुर्वेद स्वास्थ्य केन्द्रको लागि छुट्टाछुट्टै स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति गठन हुनेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्ः-

(क) कम्तिमा स्नातक तह उत्तिर्ण गरी सामाजिक क्षेत्रमा क्रियाशिल लब्धप्रतिष्ठित व्यक्तिमध्येबाट मन्त्रालयले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) स्वास्थ्य संस्था रहेको सम्बन्धित स्थानीय तहको प्रमुख/अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य -सदस्य

(ग) सम्बन्धित स्वास्थ्य कार्यालयको प्रमुख - सदस्य

(घ) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला प्रशासन कार्यालय -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, प्रदेश राजधानी जिल्ला रहेको स्वास्थ्य संस्थाको हकमा प्रदेश लेखा नियन्त्रक कार्यालय

आन्तरिक मामिला तथा कानून मन्त्रालय

र अन्य जिल्लाको हकमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय -सदस्य

(च) सम्बन्धित स्वास्थ्य संस्थाको वरिष्ठ चिकित्सक/स्वास्थ्यकर्मी -सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्थाको नर्सिङ्ग प्रमुख/प्रशासन प्रमुख -सदस्य

(ज) स्वास्थ्य क्षेत्रका कम्तिमा १० वर्ष अनुभव प्राप्त गरेकोमा मन्त्रालयले जिल्लामा रहेको स्वास्थ्य संस्थाहरुको लागि मनोनित गरेको कम्तीमा एक जना महिला सहित २ जना -सदस्य

(झ) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिमको व्यवस्थापन समितिले सम्बन्धित जिल्लाका अस्पताल र आयुर्वेद स्वास्थ्य केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा छुट्टाछुट्टै निर्णय गर्ने गरी बैठक बस्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको व्यवस्थापन समितिमा आयुर्वेद केन्द्रको व्यवस्थापन समितिको बैठकमा अस्पतालको प्रमुख र अस्पतालको व्यवस्थापन समितिको बैठकमा आयुर्वेद स्वास्थ्य केन्द्रको प्रमुख पदेन सदस्य हुनेछन्।

(५) व्यवस्थापन समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(६) व्यवस्थापन समितिको बैठक वर्षमा कम्तीमा तीन पटक बस्नु पर्नेछ।

तर आवश्यकता अनुसार व्यवस्थापन समितिको बैठक बस्न यस उपदफाले बाधा पार्ने छैन।

(७) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(८) उपदफा (२) बमोजिमको व्यवस्थापन समितिको मनोनित सदस्यको पदावधि बढीमा २ (दुई) वर्षको हुनेछ।

तर मन्त्रालयले आवश्यक ठानेमा मनोनित सदस्यको पदावधिमा अर्को एक वर्षको अवधि थप गर्न सक्नेछ।

(९) देहायको अवस्थामा उपदफा (२) बमोजिमको व्यवस्थापन समितिमा रहने मनोनित सदस्यको पद रिक्त हुनेछः-

(क) निजले मन्त्रालय समक्ष लिखित राजीनामा दिएमा,

(ख) निजको मृत्यु भएमा,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(घ) समितिको हित विपरित आचरण वा काम गरेमा,

(ङ) स्वास्थ्य संस्थाको सम्पत्ति र अधिकारको दुरूपयोग गरेमा वा सम्पत्तिमा हानि नोक्सानी पुऱ्याएमा,

(च) कार्य क्षमता अभाव भई मन्त्रालयले पदमुक्त गरेमा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(१०) उपदफा (९) को खण्ड (घ), (ङ) र (च) मा उल्लेखित अवस्थामा मन्त्रालयले जुनसुकै बखत मनोनित हुने सदस्यलाई पदमुक्त गर्न सक्नेछ। यसरी निजलाई पदमुक्त गर्नु भन्दा अगाडि सफाइको मौका दिनु पर्नेछ।

२६ख. **<u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) दफा २६क. को उपदफा (२) बमोजिम गठन हुने स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य संस्थाको व्यवस्थापन र सञ्चालन सम्बन्धी कार्य गर्ने,

(ख) स्वास्थ्य संस्थाको विकास र विस्तारका लागि नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,

(ग) स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने,

तर प्रदेश सरकार वा संघीय सरकारबाट स्वीकृत प्राप्त बजेट तथा कार्यक्रम व्यवस्थापन समितिले स्वीकृत गर्नु गराउनु पर्नेछैन।

(घ) स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको निर्माण, विकास, विस्तार, रेखदेख, संरक्षण तथा मर्मत सम्भार गर्ने,

(ङ) स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको

आन्तरिक मामिला तथा कानून मन्त्रालय

सञ्चालन सुधार र विस्तारका लागि आवश्यक पर्ने स्रोत र साधनको पहिचान तथा खोजी गर्ने,

(च) वहिरङ्ग तथा अन्तरङ्ग चिकित्सा लगायतका स्वास्थ्य सेवा, आयुर्वेद स्वास्थ्य सेवा, प्रयोगशाला सेवा, इमेजिंग सेवा, फार्मेसी सेवा, रजिष्ट्रेसन तथा अन्य स्वास्थ्य सेवा उपलब्ध गराए वापत शुल्क वा छुट निर्धारण गर्ने वा निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने कुराको निर्णय गर्ने,

(छ) स्वास्थ्य संस्थाको व्यवस्थापन समितिको आफ्नै आय पर्याप्त भएमा सो आयबाट व्यहोर्ने गरी सेवा, सुबिधा र प्रोत्साहन निर्धारण वा वृद्धि गर्ने,

(ज) स्वास्थ्य संस्थामा भए गरेका कार्यहरुको समिक्षा गर्ने, प्रतिवेदन गर्ने र आवश्यक निर्णय लिने,

(झ) स्वास्थ्य संस्थाका जनशक्तिको वृत्ति विकासका लागि आवश्यक कार्य गर्ने,

(ञ) मन्त्रालयले स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धमा दिएको आदेश, निर्देशन कार्यान्वयन गर्ने,

(ट) व्यवस्थापन समितिको कार्य प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरी त्यस्तो उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोक्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ठ) स्वास्थ्य संस्थाको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरु मन्त्रालयको स्वीकृति लिई गर्ने, गराउने।

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार मन्त्रालयले तोकेको अतिरिक्त देहाय बमोजिम हुनेछः-

(क) व्यवस्थापन समितिको नेतृत्व गर्ने,

(ख) व्यवस्थापन समितिको बैठक बोलाउन सदस्य-सचिवलाई निर्देशन दिने,

(ग) व्यवस्थापन समितिको बैठकको अध्यक्षता गर्ने र बैठक सञ्चालन गर्ने,

(घ) व्यवस्थापन समितिको कुनै निर्णय प्रक्रियामा मत बराबर हुँदा निर्णायक मत दिने,

(ङ) व्यवस्थापन समितिका पदाधिकारी र सदस्यहरुको कामको बाँडफाँड गर्ने,

(च) स्वास्थ्य संस्थाको निर्माण, विकास र विस्तार गर्न नेतृत्व गर्ने,

(छ) स्वास्थ्य संस्थाको लागि स्रोत साधनको पहिचान र खोजी गर्ने,

(ज) निर्णय र कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने, समिक्षा गराउने र आवश्यक निर्देशन दिने,

(झ) मन्त्रालय र व्यवस्थापन समितिबीच समन्वय कायम गर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वास्थ्य संस्थाको आर्थिक र प्रशासनिक अधिकारको प्रयोग सदस्य सचिवले गर्नेछ।

(४) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) व्यवस्थापन समितिको सदस्य सचिवको रूपमा कार्य गर्ने,

(ख) व्यवस्थापन समितिको निर्णय प्रमाणित गर्ने,

(ग) व्यवस्थापन समितिले गरेका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(घ) स्वास्थ्य संस्थाको व्यवस्थापन र सञ्चालन गर्ने,

(ङ) नीति, योजना, बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(च) स्वीकृत कार्यक्रम नीति, कानून र कार्यविधि अनुसार सञ्चालन गर्ने,

(छ) सम्पतिको रेखदेख, संरक्षण तथा मर्मत सम्भार गर्ने, गराउने,

(ज) जनशक्तिको परिचालन र वृत्ति विकास सम्बन्धी कार्य गर्ने,

(झ) प्रचलित कानून बमोजिम आर्थिक र प्रशासन सम्बन्धी कार्य गर्ने,

(ञ) बैठकको कार्य सूची तयार गर्ने र अध्यक्षसँग परामर्श गरी बैठक बोलाउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ट) स्वास्थ्य संस्थाको दैनिक प्रशासनिक कार्यहरु गर्ने, गराउने,

(ठ) मन्त्रालयले तोकेका अन्य कार्यहरु गर्ने।

२६ग. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) स्वास्थ्य संस्थाको सेवा प्रवाह गराउन स्वास्थ्य संस्थाको स्वीकृत दरबन्दी बमोजिमका कर्मचारीबाट अपुग भएमा सम्बन्धित स्वास्थ्य संस्थाले व्यवस्थापन समितिको कोषबाट आर्थिक भार व्यहोर्ने गरी सेवा करारमा कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको सेवा करारमा नियुक्ति गर्नु अघि ती कर्मचारीको पदनाम, सेवा, समूह र संख्या सहितको व्यवस्थापन समिति तर्फको संगठन संरचना र दरबन्दी व्यवस्थापन समितिले मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

(३) स्वास्थ्य संस्थामा काम गर्ने कर्मचारीलाई व्यवस्थापन समितिको स्रोतबाट व्यहोर्ने गरी व्यवस्थापन समितिले थप सुविधा दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम व्यवस्थापन समितिको स्रोतबाट आर्थिक भार पर्ने गरी नियुक्त  कर्मचारीको पारिश्रमिक, सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि व्यवस्थापन समितिले आफ्नो स्रोतबाट तलव भत्ता प्रदान गर्ने गरी करारमा कर्मचारी नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगले त्यस्तो प्रकृतिको उम्मेदवार छनोट गर्दा छनोट विधि अपनाई प्रतिस्पर्धात्मक रूपमा छनौट हुने व्यवस्था मिलाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

२६घ. **व्यवस्थापन समितिको कोष सम्बन्धी व्यवस्था:** (१) व्यवस्थापन समितिको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिम कोषमा देहाय बमोजिमका रकम रहने छन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्वास्थ्य संस्थाले प्रदान गरेको सेवा वापतको शुल्कबाट प्राप्त रकम,

(घ) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) स्वदेशी, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(३) व्यवस्थापन समितिले उपदफा (२) को खण्ड (घ) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि मन्त्रालय मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम व्यवस्थापन समितिको लागि प्राप्त भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक ईकाई कार्यालयको विविध खातामा जम्मा गरिनेछ।

तर प्रदेश सरकार वा संघीय सरकारको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम प्राप्त हुने रकम विविध खातामा जम्मा गरिनेछैन।

(५) व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(६) व्यवस्थापन समितिको कोषमा रहेको रकम व्यवस्थापन समितिले नेपालको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(७) व्यवस्थापन समितिको कोषको सञ्चालन व्यवस्थापन समितिको सदस्य-सचिव र प्रादेशिक स्वास्थ्य संस्थाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(८) यस दफा बमोजिमको कोषको सञ्चालन प्रत्येक प्रादेशिक स्वास्थ्य संस्थाको नामबाट छुट्टा-छुट्टै हुनेछ।

(९) व्यवस्थापन समितिको कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिमहुनेछ।

२६ङ. **<u>लेखापालन र लेखापरीक्षण सम्बन्धी व्यवस्थाः-</u>** (१) व्यवस्थापन समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ।

(२) व्यवस्थापन समितिले तोकिए बमोजिम व्यवस्थापन समितिको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) व्यवस्थापन समितिको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक इकाई कार्यालय र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(४) मन्त्रालयले चाहेमा व्यवस्थापन समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

(५) व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।”

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१४. **<u>मूल ऐनको दफा २८ मा संशोधनः</u>** मूल ऐनको दफा २८ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गरिएको छः-

"(१क) उपदफा (१) बमोजिम गर्भवती महिला र गर्भमा रहेको शिशुको स्वास्थ्य अवस्था पहिचान गर्न र त्यसरी पहिचान गर्दा कुनै जटिलता देखिएमा समयमै रोकथाम तथा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नका लागि मन्त्रालयले विशेषज्ञबाट पाठ्यक्रम निर्माण गरी नर्सिङ्ग स्टाफलाई तालिम प्रदान गर्न र ती तालिम प्राप्त नर्सिङ्ग स्टाफले पोर्टेवल अल्ट्रासाउन्ड मेशिनबाट अल्ट्रासाउण्ड गरी गर्भवती महिलाको गर्भ र गर्भमा रहेको शिशुको स्वास्थ्य जाँच मात्र गर्न सक्नेछ।"

१५. **<u>मूल ऐनको दफा ४८ मा संशोधनः</u>** मूल ऐनको दफा ४८ को उपदफा (२) को सट्टा देहाय बमोजिमको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम आपूर्ति गरिने खोप देहाय बमोजिम भएमा आपूर्ति गर्न सकिनेछः-

(क) असल उत्पादन प्रक्रिया अपनाई उत्पादन भएको, वा

(ख) विश्व स्वास्थ्य संगठनबाट गुणस्तरयुक्त रहेको भनी प्रमाणित भएको,

(ग) औषधि व्यवस्था विभागमा सूचीकृत भएको।"

१६. **<u>मूल ऐनमा दफा ६३क. थपः</u>** मूल ऐनको दफा ६३ पछि देहाय बमोजिमको दफा ६३क. थपिएको छः-

"६३क. **<u>सुर्तीजन्य पदार्थ नियमन तथा नियन्त्रण सम्बन्धी व्यवस्थाः</u>**

(१) नसर्ने रोगको रोकथाम र नियन्त्रणका लागि स्थानीय

आन्तरिक मामिला तथा कानून मन्त्रालय

तहको कार्यपालिका वा प्रदेश सरकारले कुनै निश्चित भौगोलिक क्षेत्र वा वडा वा गाउँ वा टोललाई धुम्रपान तथा सुर्ती सेवनमुक्त सार्वजनिक स्थल घोषणा गर्न सक्नेछ।

(२) कसैले पनि ईलेक्ट्रोनिक सिगरेट उत्पादन, आयात विक्री वितरण र सेवन गर्न पाउने छैन।

(३) राजनीतिक पदाधिकारी लगायत सरकारी, अर्ध सरकारी, सार्वजनिक संस्थान र निजी, गैर सरकारी तथा सामुदायिक संस्थामा कार्य गर्ने कर्मचारी एवम् १८ वर्ष उमेर नपुगेका व्यक्तिले धुम्रपान तथा सूर्ती सेवन गर्न पाउने छैन।

(४) कसैले पनि सार्वजनिक स्थल भित्र सूर्तीजन्य पदार्थ साथमा लिएर वा बोकेर हिड्न पाउने छैन।

(५) सरकारी, विद्यालय तथा विश्वविद्यालयको पोशाक लगाई सुर्तीजन्य पदार्थ खरिद गर्न आउने जुनसुकै उमेरको व्यक्ति वा विद्यार्थीलाई बिक्रेताले सुर्तीजन्य पदार्थ विक्री वितरण गर्न पाइने छैन।

(६) दैनिक उपभोग्य वस्तु वितरण गर्ने घर वा पसल वा स्टोरबाट सुर्तीजन्य पदार्थको विक्री वितरण गर्न पाईने छैन।

(७) सुर्तीजन्य पदार्थको बिक्री वितरण छुट्टै घर वा पसल वा स्टोरबाट गर्नु पर्नेछ।

(८) कसैले पनि संघीय कानून विपरित सूर्तिजन्य पदार्थ सेवन र बिक्री वितरण गर्न पाईने छैन।

(९) सुर्तीजन्य पदार्थको उत्पादन, बिज्ञापन वा प्रवर्धन, बिक्री वितरण, आयात, प्याकेजिङ्ग, रोकथाम, नियन्त्रण र नियमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।”

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१७. **<u>मूल ऐनमा दफा ६५क. थपः</u>** मूल ऐनको दफा ६५ पछि देहाय बमोजिमको दफा ६५क. थप गरिएको छः-

"६५क. **<u>औषधि, फार्मेसी, प्रेस्क्रिप्सन, बिक्री वितरण र नियमनः</u>** (१) अस्पतालले राष्ट्रिय मापदण्ड बमोजिम अस्पताल परिसरभित्र त्यस्तो अस्पतालले उपलब्ध गराउने स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने औषधि, औषधिजन्य पदार्थ र स्वास्थ्य औजार उपलब्धताको सुनिश्चितता हुने गरी आफ्नै फार्मेसी स्थापना र सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको फार्मेसीबाट बिरामीलाई सुपथ मूल्यमा औषधि, औषधिजन्य पदार्थ र स्वास्थ्य औजार तथा उपकरणहरुबाट नियमित स्वास्थ्य सेवा उपलब्धता गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम औषधि र औषधिजन्य पदार्थको सुपथ मूल्य, स्वास्थ्य सेवा र उपकरणहरुबाट प्रदान गरिने सेवाको शुल्क निर्धारण गर्न मन्त्रालयले औषधिको अधिकतम खुद्रा मूल्य तथा सेवा शुल्क निर्धारण समिति गठन गर्नु पर्नेछ। समिति सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ।

(४) अस्पताल परिसर भित्र उपदफा (१) बमोजिम स्थापना भएको फार्मेसी बाहेक अरु कुनै पनि प्रकारको फार्मेसी सञ्चालन गर्न पाइनेछैन।

तर यो उपदफा प्रारम्भ हुनु अघि प्रदेश मातहत रहेको अस्पतालमा आफ्नो फार्मेसी बाहेक अन्य फार्मेसी सञ्चालनमा रहेको भए यो उपदफा प्रारम्भ भएपछि त्यस्तो फार्मेसीलाई संस्थाको परिसरबाट अन्यत्र स्थानान्तरण गर्न सम्बन्धित अस्पतालले नब्बे दिनको समय दिई हटाउन सक्नेछ।

(५) फार्मेसीले तोकिएको गुणस्तर, मापदण्ड र मूल्य बमोजिम औषधि बिक्री वितरण गरेको वा नगरेको सम्बन्धमा राष्ट्रिय मापदण्ड अनुसार अनुगमन र नियमन मन्त्रालयले गर्नु पर्नेछ।

(६) औषधिको निगरानी, समुचित प्रयोग र प्रवर्धन गर्न तथा सुक्ष्म जीव निरोधक प्रतिरोधक न्यूनीकरण कार्य मन्त्रालयले गर्नु पर्नेछ।

(७) स्वास्थ्य संस्था र औषधि बिक्रेताले औषधिको तोकिए बमोजिमको गुणस्तर कायम रहने गरी खरिद, भण्डारण तथा वितरण गर्नु पर्नेछ।

(८) स्वास्थ्य संस्थाका चिकित्सकले बिरामीका लागि उपलब्ध भएसम्म अस्पतालको भण्डार वा फार्मेसीमा रहेको औषधि मात्र सिफारिस गर्नु पर्नेछ।

(९) प्रदेश मातहत रहेको अस्पतालले आफ्नो फार्मेसीबाट प्राप्त गरेको आम्दानीलाई फार्मेसीको लागि आवश्यक पर्ने औषधि र सोको सुदृढीकरणको लागि खर्च गर्नुपर्नेछ। यसको लागि सम्बन्धित फार्मेसीले छुट्टै खाता खोली खर्च एवं आम्दानी बाँध्नु पर्नेछ।

(१०) कुनै पनि औषधिको बिक्री वितरण गर्दा औषधि स्तर नियमावली, २०४३ बमोजिम चिकित्सक वा स्वास्थ्यकर्मीको सिफारिसमा मात्र गर्नु पर्नेछ।

(११) औषधिको उत्पादन, गुणस्तर निर्धारण वा परीक्षण, भण्डारण, बिक्री वितरण, विसर्जन, तथा फार्मेसी दर्ता, अनुमति, सञ्चालन, अनुगमन, नियमन, नवीकरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"



आन्तरिक मामिला तथा कानून मन्त्रालय

**१८. <u>मूल ऐनको दफा ६६ मा संशोधनः</u>** मूल ऐनको दफा ६६ को उपदफा (१) को "(१)" झिकिएको छ र देहाय बमोजिम गरिएको छः-

(क) खण्ड (न) पछि देहायका खण्ड (न१) र (न२) राखिएको छः-

"(न१) दफा ६३क. को उपदफा (३) र (४) को बर्खिलाप गरेमा,

(न२) दफा ६३क. को उपदफा (५) र (६) को बर्खिलाप सुर्तीजन्य पदार्थको बिक्री वितरण गरेमा, "

**१९. <u>मूल ऐनको दफा ६७ मा संशोधनः</u>** मूल ऐनको दफा ६७ को उपदफा (१) को "(१)" झिकिएको छ र देहाय बमोजिम गरिएको छः-

(क) खण्ड (न) पछि देहायका खण्ड (न१) र (न२) राखिएको छः-

"(न१) दफा ६६ को खण्ड (न१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई पाँच सय रूपैयाँ देखि दुई हजार रूपैयाँसम्म र व्यवसायलाई दश हजार रूपैयाँ देखि पचास हजार रूपैयाँसम्म जरिबाना।

(न२) दफा ६६ को खण्ड (न२) बमोजिमको कसूर गर्नेलाई पचास हजार रूपैयाँसम्म जरिबाना।"

**२०. <u>मूल ऐनको दफा ७२ मा थपः</u>** मूल ऐनको दफा ७२ को उपदफा (२) पछि देहाय बमोजिमको उपदफा (३), (४), (५) र (६) थप गरिएको छः-

"(३) गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रदेश र स्थानीय तह अन्तर्गतका स्वास्थ्यकर्मीको ज्ञान, सीप, दक्षता र क्षमता

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अभिबृद्धिका लागि स्वास्थ्य सम्बन्धी कार्यक्रम र तालिमको व्यवस्थापन, अनुगमन र नियमन मन्त्रालयले गर्नु पर्नेछ।

(४) प्रदेश भित्रका सरकारी, सामुदायिक, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैह्र सरकारी र निजी स्वास्थ्य संस्थाबाट योजना र कार्यान्वयन हुने सबै स्वास्थ्य सम्बन्धी कार्यक्रम, तालिम र सञ्चार माध्यममा सम्प्रेषण हुने सन्देश/सूचनाहरु मन्त्रालयको सहमतिमा मात्र विकास र सञ्चालन गर्नु पर्नेछ।

(५) मन्त्रालयले स्वास्थ्य सम्बन्धी एकवर्ष वा सो भन्दा बढी अवधि बाहेकका कोर्ष वा तालिमको प्रत्यायन (Accreditation), प्रमाणीकरण (Certification) गर्ने र मापदण्ड स्वीकृत गर्नेछ।

(६) स्वास्थ्य सम्बन्धी कार्यक्रम, तालिम र सञ्चार माध्यममा सम्प्रेषण हुने सन्देश/सूचना सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

२१. **मूल ऐनमा दफा ८५क. थप:** मूल ऐनको दफा ८५ पछि देहाय बमोजिमको ८५क. थप गरिएको छः-

"**८५क. प्रचलित कानून बमोजिम हुने**: यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ।"

२२. **खारेजी:** प्रदेश भित्रका अस्पतालको सञ्चालन र व्यवस्थापन आदेश, २०७५ खारेज गरिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय